# त्रिवेणी गाउँपालिका

## लुहाम, सल्यान

## तेह्रौ गाउँअधिवेशनमा प्रस्तुत

## लेखा समितिको वार्षिक प्रतिवेदन

सभाध्यक्ष महोदय,

त्रिवेणी गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाह, तथा आर्थिक कारोवार सम्बन्धी क्रियाकलाप गर्दा ऐन, नियम तथा कानुनहरुको पालना गर्ने, वित्तिय पारदर्शिता कायम गर्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको अवलम्वन गर्ने , आन्तरिक लेखा परीक्षण प्रतिवेदन तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनवाट प्राप्त सुझावको कार्यान्वयन गर्ने तथा औल्याइएका  बेरुजुहरुको सम्वन्धमा अध्ययन विश्लेषण, व्यापक छलफल गरी समग्र गाउपालिकाको विकास र समृद्धिमा योगदान गर्ने महत्वपूर्ण समितिको संयोजकको हैसियतले यो प्रतिवेदन तेह्रौ गाउँ अधिवेशनको यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गौरवको अनुभव गरेको छु ।

आर्थिक बर्ष २०७९/८० को श्रावण देखि हाल सम्म बिभिन्न मितीमा लेखा समितीको बैठक वसी गाउँकार्यपालिकाको कार्यालयवाट सम्पादन गरिएका आर्थिक कारोबार, कार्य विवरण तथा गत विगत आ.वहरुका म.ले.प. प्रतिवेदनमा औल्याइएका बेरुजू, दिएका सुझाव माथि छलफल गरी गाउँपालीकाको सम्रग विकास निर्माण, सम्पादन गरिएका कामकारवाहि, गुनासो लागायतको बारेमा लेखा समितीमा छलफल गरी यस प्रतिवेदन तयार गरेको छु ।

सभाध्यक्ष महोदय,

आ.व ०७६/०७७, आ.व २०७७/७८ र आ.व २०७८/७९ को महालेखा परीक्षकको प्रतिवेदन अनुसार गाउँपालीकाको समग्र बेरुजूको अवस्थाको वारेका चर्चा गर्न चाहन्छु ।

### गाउँपालीकाको बेरुजूको अवस्था :

#### आ.व २०७६।७७

असूल गर्नुपर्ने बेरुजू :२१,०१,००० (२१ लाख १ हजार )

नियमित गर्नुपर्ने बेरुजू :१,०६,३०,००० (१ करोड ६ लाख ३० हजार )

प्रमाण पेश गर्नुपर्ने बेरुजू : ९३,९४,००० (९३ लाख ९४ हजार )

समपरिक्षणबाट फछ्यौट : १२,०४,३८४ (१२ लाख ४ हजार ३ सय ८४ )

जम्मा बाँकि बेरुजू :२,०९,२०,६१६ ( २ करोड ९ लाख २० हजार ६ सय १६ )

आ.व २०७७।७८

असूल गर्नुपर्ने बेरुजू : ९३,६७,१३५ ( ९३ लाख ६७ हजार १ सय ३५ )

नियमित गर्नुपर्ने बेरुजू : ४६,१६,३४५ (४६ लाख १६ हजार ३ सय ४५ )

प्रमाण पेश गर्नुपर्ने बेरुजू : १,८६,३०,७८७ ( १ करोड ८६ लाख ३० हजार ७ सय ८७ )

पेश्की बेरुजू : १९,१५,७०८ ( १९ लाख १५ हजार ७ सय ८ )

जम्मा बाँकि बेरुजु :३,४५,२९,९७५ ( ३ करोड ४५ लाख २९ हजार ९ सय ७५ )

आ.व २०७८।७९

असूल गर्नुपर्ने बेरुजू : १९,११,६९१ ( १९ लाख ११ हजार ६ सय ९१ )

नियमित गर्नुपर्ने बेरुजू : १,६६,५७,१४३ ( १ करोड ६६ लाख ५७ हजार १ सय ४३ )

प्रमाण पेश गर्नुपर्ने बेरुजू : ३,२३,८९,८१२ ( ३ करोड २३ लाख ८९ हजार ८ सय १२ )

प्रकिकिया बाट फछ्यौट : ९९,४०१ ( ९९ हजार ४ सय १ )

जम्मा बाँकि बेरुजू : ५,०९,५८,६४६ ( ५ करोड ९ लाख ५८ हजार ६ सय ४६ )

सभाध्यक्ष महोदय,

त्रिवेणी गाउँपालीकाको आ.व २०७८।७९ मा महालेखा परीक्षकको कार्यालयले अन्तिम लेखा परीक्षण गरी औंल्याइएका असूल गर्नुपर्ने, प्रमाण पेश गर्नुपर्ने र नियमित गर्नुपर्ने वेरुजूहरुमा लेखा समितीको बैठकमा छलफल भए अनुसार तपशिल बमोजिमका बेरुजूहरु दफाहरुको यस सभामा छलफल गरी बेरुजू फछ्यौटका लागि यस गाउँसभावाट निर्णय गरी महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्न आवश्यक देखि म सभाध्यक्ष ज्यू मार्फत ध्यान आकर्षण गर्न चाहन्छु ।

तपशिल :

आ.व २०७८।७९ मा औंल्याइएका बेरुजूहरु

## १) बेरुजू दफा नं ४.५ :

जिम्मेवारी फरक पारेको : स्थानीय तहले संचित कोषमा गत विगतको बाँकि यो वर्ष प्राप्त र खर्च भएको स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर यस स्थानीय तहको अन्तिम लेखापरीक्षण प्रतिवेदन २०७७।७८ अनुसार गत वर्षको अन्त्यमा कायम भएको मौज्दात भन्दा यो वर्षको शुरुमा फरक जिम्मेवारी सारेको देखिएकोले घटि जिम्मेवारी सारेको रु.२,१८,६९,३२३।८८ ( २ करोड १८ लाख ६९ हजार ३ सय २३ पैसा ८८ ) सम्बन्धमा एकिन गरी

आम्दानी बाध्नुपर्ने रु **२,१८,६९,३२४ ( २ करोड १८ लाख ६९ हजार ३ सय २४)** भनी बेरुजू औल्याईएकोमा हाल उक्त रकम आम्दानी बाधेर हिसाव मिलान समेत गरी सकिएको हुँदा उक्त बेरुजू रकम फछ्र्यौटका लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

## २. बेरुजू दफा नं १०.२ :

कर्मचारी करार : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालीकाले विभिन्न शिक्षा बाहेक पदमा ३७ जना कर्मचारीहरु करारमा राखि रु.१,०८,९८,६४० (१ करोड ८ लाख ९८ हजार ६ सय ४० ) खर्च लेखेको छ । त्यसैगरी सोहि ऐनको दफा ८३(८) बमोजिम पालीकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको माथि उल्लेखित पद बाहेकको स.ई १ तथा अ.स.ई २, सूचना अधिकृत १ तथा स्वास्थ्य तर्फ अनमि ६ जना, अहेव २ जना र ल्याव असिष्टेन्ट १ गरी १४ जना करार कर्मचारीहरु करारमा राखि खर्च लेखेको **रु.४६,४६,६८०।०० ( ४६ लाख ४६ हजार ६ सय ८० )** बेरुजू औल्याईएकोमा गाउँकार्यपालीकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकिमा कर्मचारीको अभावका कारण सेवा प्रवाह प्रभावित भएको तथा संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्न जनशक्तिको अभावको कारण निश्चित समयका लागि प्राविधिक कर्मचारीहरु करार नियुक्ति गरिएको र लोक सेवा आयोगबाट माग भई आएका कर्मचारीहरुको पदस्थापना पछि उक्त करार कर्मचारी हटाउनुपर्ने र आगामि दिनमा प्राप्त सुझावहरुलाई क्रमश सुधार गदै जानुपर्ने हाललाई उक्त बेरुजू रकम फछ्र्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

## ३. बेरुजू दफा नं १२ :

अग्रीम आयकर : पालीकाले विभिन्न सूचना तथा कार्यक्रम प्रशारण गरेवापत देहायका रेडियोलाई १.५ प्रतिशत मात्र कर कट्टी गरी भुक्तानी गरेकोले १३.५ प्रतिशतले हुन आउने रकम रु.१३,५०० असूल गर्नुपर्ने **रु.१३,५००।०० ( १३ हजार ५ सय )**

| | |
|---|---|
| रेडियो शारदा | १३५० |
| रेडियो राप्ती एफ.एम | १३५० |
| गाउँवेशि सूचना केन्द्र | १०८०० |

सम्बन्धितबाट असूल गरी फछ्र्यौटका लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

## ४. बेरुजू दफा नं. १४.२ :

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धि ऐन २०७७ को दफा ३ को अनूसूचि १ र २ बमोजिम अनुगमन खर्च मासिक भुक्तानी हुने भएकोले थप छुटै अनुगमन खर्च नपाउने देखिएको र सरकारी कर्मचारी पदाधिकारीले आफू कार्यरत मातहतका

निकायहरु र कार्यक्रमहरुको अनुगमन गरे वापत अनुगमन भत्ताको व्यवस्था नरहेकोमा कार्यालयले सुत्केरी घरभेट कार्यक्रम अनुगमन गरे वापत रु.३३,३०० अनुगमन भत्ता खर्च लेखेको अनियमित भएको **रु.३३,३०० ( ३३ हजार ३ सय** ) बेरुजू औंल्याईएकोमा उक्त घरभेट कार्यक्रमको अनुगमन भत्ता लिइएको भएतापनी आगामि दिनमा त्यस्तो प्रकारको कुनै भत्ता उपलब्ध नगराउने प्रतिवद्धताका साथ उक्त बेरुजू रकम फछ्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

## ५. बेरुजू दफा नं.२१ :

गत बर्षको भुक्तानी पालीकाले सिद्धार्थ इन्जिनियरिङ वर्क्सलाई आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ उपनियम १५ ले तोकेके शिर्षक भन्दा फरक शिर्षकमा गत वर्षको भुक्तानी दिनबाकिँको विवरण म.ले.प फा.न १८ प्रमाणित नगरी यस वर्ष भुक्तानी गरेको नियमित नदेखिएको **रु.७,२५,१६२ ( ७ लाख २५ हजार १ सय ६२**) भनी बेरुजू औंल्याईएकोमा उक्त फर्मलाई गत आ.व मा रकम अपुग भएको कारण कम भुक्तानी दिइएको र बाँकि अर्को आ.वमा कार्यपालीकाको बैठकले निर्णण गरी उपलब्ध गराईएको हुँदा उक्त बेरुजू रकम फछ्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

## ६. बेरुजू दफा न. २७.१ :

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२ बमोजिम सार्वजनिक निकायले आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्दा सम्बन्धीत परामर्श सेवाको कार्यक्षेत्रगत शर्तको आधारमा आवश्यक सबै कार्य समेटी तयार गर्नपर्ने व्यवस्था छ । पालीकाले आधारभूत स्वास्थ्य सेवा ढुंगीवजारको भवन निर्माणमा परामर्शदाताले डि.पि.आर तयार गर्दा बाउन्ड्रीवाल र टंकिमा जाने भर्याङ निर्माण कार्य छुटाएको भनी यस वर्ष उक्त कार्यको रु.२,२८,७३१ (२ लाख २८ हजार ७ सय ३१) को लागतमा उ.स बाट कार्य गराई रु.१,८९,८३१ (१ लाख ८९ हजार ८ सय ३१ ) भुक्तानी गरेको देखियो । डि.पि.आर कार्यको परामर्शदाताले मस्यौदा तथा अन्तिम प्रतिवेदन पेश गर्दा सम्बिन्धीत पक्षबाट अध्ययन नहुदा उक्त कायको ठेक्का व्यवस्थामा निर्माण व्यवसायिले २०७६।७७ मा घटि कबोल गरेको १९ प्रतिशत न्यून मूल्यमा हुनसक्ने कार्यलाई पुनः सोझै खरीद कार्य गराउदा बढी व्ययभार परेको **रु.४३,४५९ (४३ हजार ४ सय ५९** ) भनी बेरुजू औंल्याईएकोमा उक्त भवनको डि.पि.आर स्टीमेट धेरै रकमको भएको तर बजेट कम प्राप्त भएको कारण पुन स्टीमेट निर्माण गर्दा कुनै आइटमहरु छुट्न पुगेको कारण उक्त काम सोझै खरीद गरेको देखिएको हुँदा उक्त बेरुजू रकम फछ्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

## ७. बेरुजू दफा नं. २७.२ :

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२ बमोजिम सार्वजनिक निकायले आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्दा सम्बन्धीत परामर्श सेवाको कार्यक्षेत्रगत शर्तको आधारमा आवश्यक सबै कार्य समेटी तयार गर्नपर्ने व्यवस्था छ । पालीकाले लुहाम लिफ्ट खानेपानी योजनाको डिपिआर तयार गर्दा सोलार फेम स्टक्चरको कार्य छुटाएको भनी यस वर्ष उक्त सबै कार्यको मू.अ.कर समेत रु.४,७१,७८३ (४ लाख ७१ हजार ७ सय ८३ ) को लागतमा भुमि निर्माण सेवाबाट कार्य गराइ रु ४,६९,७९२ (४ लाख ६९ हजार ७ सय ९२ ) भुक्तानी गरेको देखियो ।

पालीकाले उक्त कार्यको डि.पि.आर कार्य साविक जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय खलंगाबाट तयार गरी पेश गरेको जनाएको छ । डि.पि.आर कार्यको परामर्शदाताले मस्यौदा तथा अन्तिम प्रतिवेदन पेश गर्दा सम्बन्धित पक्षबाट अध्ययन नहुदन उक्त कार्यको ठेक्का व्यवस्थामा निर्माण व्यवसायिले घटि कबोल गरेको ८.६४ प्रतिशत न्यून मूल्यमा हुन सक्ने कार्यलाइ पुनः सोझै खरीद कार्य गराउदा बढी व्ययभार परेको **रु.४०,४३६ (४० हजार ४ सय ३६)** भनी बेरुजू औल्याईएकोमा उक्त खानेपानी योजनाको डि.पि.आर निर्माण स्टीमेट धेरै रकमको भएको तर बजेट कम प्राप्त भएको कारण बजेट अनुसार पुन स्टीमेट निर्माण गर्दा कुनै आइटमहरु छुट्न पुगेको कारण उक्त काम सोझै खरीद गरेको देखिएको हुँदा उक्त बेरुजू रकम फछ्र्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

<u>८. बेरुजू दफा नं. २७.३ :</u>

ठेक्का नं १/२०७८।७९ स्वास्थ्य चौकि भवन वडा नं १ निर्माण कार्य खैरावाङ माइ कन्ट्रक्सन प्रा.ली बाट रु.४२,३६,००२ र ठेक्का नं २/२०७८।७९ स्वास्थ्य चौकि भवन वडा नं २ निर्माण कार्य भगवती कन्ट्रक्सनबाट रु ४५,७६,२२२ (४५ लाख ७६ हजार २ सय २२ ) को कार्य मूल्याङकन गरी भुक्तानी गरेकोमा यसै वर्ष उक्त वडा नं १ र २ स्वास्थ्य चौकि भवनको रोड फिल्ड र वाल कन्ट्रक्सनको कार्य वापतको थप कार्य खैरावाङ माइ कन्ट्रक्सन प्रा.ली वाट सोझै रु.९,५५,२५६ (९ लाख ५५ हजार २ सय ५६ ) मा गराइ भुक्तानी गरेको देखियो । एकै वर्ष ठेक्का व्यवस्थावाट भएको योजनामा थप कार्य गर्दा भेरियशन आदेश स्वीकृत गराई पुरानो आइटमको २५ प्रतिशत सम्मको परीणाम सम्झौताको दरमा र नया आइटमको निर्माण व्यवसायि सँग नेगोशेसन गरी कायम दरमा गर्नुपर्नेमा सोझै प्रतिष्पर्धा बेगर गराउदा ठेक्का नं १ को ठेक्का व्यवस्था ३७.३ प्रतिशत र ठेक्का २ को ३४.३९ प्रतिशतको न्यून औषत ३५.८ प्रतिशतले भुक्तानी रकममा बढी व्ययभार परेको **रु.३,४१,९८१ (३ लाख ४१ हजार ९ सय ८१)** भनी बेरुजू औल्याईएकोमा उक्त भवन निर्माण योजनाको डि.पि.आर अनुसार स्टीमेट धेरै रकमको भएको तर बजेट कम प्राप्त भएको कारण बजेट अनुसार पुन स्टीमेट निर्माण गर्दा आइटमहरु छुट्न पुगेको र भवन निर्माण गर्नुपर्ने ठाउँसम्म सडक नभएको कारण सडक निर्माण गर्दा बढी खर्च भएको देखिएको हुँदा आगामि दिनमा प्राप्त सुझावलाई कार्यान्वयन गर्नुपर्ने हाल लाई उक्त बेरुजू रकम फछ्र्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

<u>९.बेरुजू दफा नं. ३० :</u>

सोझै खरीद सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ को उपनियम ४ मा १ लाख रुपैयाभन्दा वढी रकमको सोझै खरीद गर्दा मौजुदा सूचिमा रहेको कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट दरभाउपत्र वा प्रस्ताव माग गरि खरदि गर्नुपर्ने र उपनियम १ मा पटक पटक गरी एक आर्थिक बर्षमा एउटै व्यक्ति वा फर्मवाट सोझै खरीद गर्न नमिल्ने व्यवस्था छ । पालीकाले निर्माण व्यवसायि सप्लायर्सबाट पटक पटक सोझै खरीद गरको देखिएकोले नियमित नदेखिएको रु **५३,४८,६८० (५३ लाख ४८ हजार ६ सय ८० )** बेरुजू औल्याईएकोमा बर्षातको पानीले गाउँवस्ती स्तरीय मोटरबाटोहरुमा पहिरो झरेको कारण एकैपल्ट पहिरो हटाउनुपर्ने भएको हुँदा गाउँपालीकमा

सुचिकृत फर्महरु मध्येबाट सबै वडामा एकैपल्ट विभिन्न फर्महरुले काम गर्दा सोझै खरीद प्रकृयाबाट गर्नुपरेको र काम सफलतापूर्वक सम्पन्न भई मूल्याङकन समेत भएको हुँदा उक्त बेरुजू रकम फछ्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

**१०. बेरुजू दफा नं. ३३.१ :**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ मा उपभोक्तावाट संचालित निर्माण कार्य उ.स आफैले सम्पन्न गर्नुपर्ने छ । सव कन्ट्राक्टरबाट गराउन नपाउने र उ.स आफैले गर्न नसक्ने भएमा सार्वजनिक निकायले आवश्यक जाँचगरी समितीसँग भएको सम्झौता तोडि बाँकि काम खरीद ऐन र नियमावली बमोजिम गराउनुपर्ने व्यवस्था छ । अरिङगाले भण्डारीटोल मो.वा नयाँ ट्याक खोल्ने र ग्याविन ढुंगा भर्ने कार्य १८ घ.मि को रु.७५,७३५ समेत रु. १,७१,००४ ( १ लाख ७१ हजार ४ रुपैया) कार्य मूल्याङकन गरी रु.१,४२,२२० (१ लाख ४२ हजार २ सय २० ) उ.स लाई भुक्तानी गरेकोमा समितीले निरज एण्ड दिपशन निर्माण सेवाको मोटरबाटो निर्माण कार्य गरेको रु.१,२१,००६ (१ लाख २१ हजार ६ रुपैया) कर विजक संलग्न तथा उ.सले मूल्याङकन भएको १८ बक्स ग्याविनको खरीद विल संलग्न गरेको नदेखिदा उक्त कार्य उ.स आफैले नगरी निर्माण व्यवसायिबाट गराएको पुष्टी हुनेहुँदा भुक्तानी रकम नियमित नदेखिएको **रु.१,४२,२२० (१ लाख ४२ हजार २ सय २०** ) भनी बेरुजू औल्याईएकोमा कठनि प्रकृतीको कार्य भएकोले हेभि मेशनि प्रयोग गर्नुपरेको र कार्य सफलतापूर्वक सम्पन्न भई प्राविधिक मूल्याङकन समेत भईसकेको हुँदा र आगामि दिनमा दिइएको सुझावलाई कार्यान्वयन गर्नुपर्ने हाललाई उक्त बेरुजू रकम फछ्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

**११. बेरुजू दफा नं. ३३.२ :**

तल्लो थकलेर्ना र बेतेनीटोल सडक निर्माण तथा ट्याक खोल्ने कार्यको रु.४,०६,८०७ मुल्याङकन गरी उ.स लाई रु.३,४३,२६५ भुक्तानी गरेकोमा समितीले रेमन्त बगेश्वरी कन्ट्रक्सन एण्ड सप्लायर्सको मोटरबाटो निर्माण कार्य गरेको रु.३,४३,२१७ (३ लाख ४३ हजार २ सय १७) को कर बिजक संलग्न गरेको देखिदा उक्त कार्य उ.स आफैले नगरी निर्माण व्यवसायिबाट गराएको पुष्टि हुनेहुदा भुक्तानी रकम नियमित नदेखिएको **रु.३,४३,२६५ (३ लाख ४३ हजार २ सय ६५**) भनी बेरुजू औल्याईएकोमा उक्त सडक निर्माण कार्य गार्द कठनि प्रकृतीको कार्य देखिएको हुँदा हेभि मेशनि प्रयोग गर्नुपरेको र कार्य सफलतापूर्वक सम्पन्न भई प्राविधिक मूल्याङकन समेत भईसकेको हुँदा र आगामि दिनमा प्राप्त सुझावलाई कार्यान्वयन गर्नुपर्ने हाललाई उक्त बेरुजू रकम फछ्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

**१२. बेरुजू दफा नं. ४१ :**

समानीकरण अनुदानबाट शिक्षक तलब : अन्तर सरकारी वित्त ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयकबाट अनुमति गरी संचालनमा रहेका र कुनै पनि दरबन्दि तथा राहत प्राप्त नगरेका विधालयलाइ शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालीकाले स्वीकृत दरबन्दि भित्र नपरेका गाउँपालकिाले समानीरकण

अनुदानबाट ९ वटा विधालयलाइ २० जना शिक्षक नियुक्ति गरी रु. ४९,९२,००० अनुदान निकासा गरेको नियम सम्वत नदेखिएको भनी **रु.४९,९२,००० (४९ लाख ९२ हजार** ) बेरुजू औंल्याईएकोमा गाउँपालीकाले लिएको २० विधार्थि वरावर १ शिक्षक नीति अनुरुप गाउँसभाले स्वीकृत गरी शिक्षक नियुक्ति गरेको तथा गाउँपालीकाको आन्तरिक श्रोत न्यून भएको कारण समानीकरण अनुदानवाट तलब भत्ता निकासा गरेको हँदा आगामि दिनमा प्राप्त सुझावलाई कार्यान्वयन गर्नुपर्ने र खर्च गर्दा कार्यविधि वनाएर खर्च गर्नुपर्ने हाललाई उक्त बेरुजू रकम फछ्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

**१३. बेरुजू दफा नं. ४२.१ :**

नमुना विधालय विकास कार्यक्रम : जनता मावि काभ्रालाइ यस वर्ष नमुना विधालय विकास कार्यक्रम वापत अनुदान दिइएको रकम रु.५०,००,००० को कार्य सम्पन्न प्रमाण तथा जिन्सी स्रेस्ता खडा गरी दाखिला प्रमाण पेश हुनुपर्ने **रु.५०,००,००० (५० लाख** ) विधालयले सम्पूर्ण साम्रागीको जिन्सी दाखिला गरी प्रमाण पेश गरिसकेको हुँदा उक्त बेरुजू रकम फछ्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

**१४. बेरुजू दफा नं. ४२.२ :**

ल्याव साम्रगी : प्राविधिक धार विधालयको ल्याव व्यवस्थापन अनुदान वापत नमुना विधालय जनता मा.वि काभ्रा लाइ ७ लाख भुक्तानी गर्दा सगरमाथा साइन्स एण्ड टेक्नोलोजि सप्लायर्स दाङको १३१ प्रकारका ल्याब सामाग्री खरीदको फोटोकपि बिल तथा जिन्सी खाता पाना नम्बर उल्लेख नभएको जिन्सी दाखिला नं १ को जिन्सी दाखिला प्रतिवेदन पेश गरेकोमा लेखापरिक्षणको समयमा स्थलगत अनुगमन गर्दा विधालयले जिन्सी सेस्ता दाखिला गरेको नदेखिएकोले उक्त १३१ प्रकारका ल्याब सामाग्री खप्ने खातामा आम्दानी गरी विधालयको सम्पत्ति विवरणमा समावेश गरेको प्रमाण पेश हुनुपर्ने रु.७,००,००० (**७ लाख** ) विधालयले सम्पूर्ण साम्रागीको जिन्सी दाखिला गरी प्रमाण पेश गरिसकेको हुँदा उक्त बेरुजू रकम फछ्यौटका लागि म.ले.प को कार्यालयलाई अनुरोध गर्नुपर्ने ।

सभाध्यक्ष महोदय,

लेखा समितीको विभिन्न बैठकमा छलफल भए अनुसार गत विगत आर्थिक वर्षका बेरुजूको संक्षिप्त अवस्था, आ.व २०७८।७९ मा म.ले.प प्रतिवेदनमा औंल्याईएका वेरुजूको दफावार प्रस्तुत भयो । अव म यस गाउँपालीकामा भए गरेको कामकारवाही, वजेट खर्च, विकास निर्माण लगायतका विषयमा देखिएको केहि सवल पक्षहरु र केहि सुझावहरु प्रस्तुत गर्न चाहन्छु ।

**सवल पक्षहरु :**

१. यस गाउँपालीमा बजेट निर्माणका लागि कानुनले तोके अनुसारको समयमा नै गाउँसभा तथा विभिन्न समितीको वैठकहरु नियमित वस्ने गरेको छ । विविध विषयमा छलफल गर्न र निर्णय गर्न कार्यपालीका बैठक नियमित मासिक रुपमा बस्ने गरेको पाइयो ।

२. विकास निर्माणका कामहरु तिर्वरुपमा अगाडि बढेका छन् । लक्षीत वर्ग अनुसारका कार्यक्रमहरु सम्पन्न भएका छन् ।

३.जनाताका गुनासो तथा सुझावहरु बजेट तथा कार्यक्रममा समेटने गरिएको छ ।

४. गाउँपालीकामा सेवा प्रवाहमा सुशासन कायम भएको छ । जनताका कामहरु छिटो छरितो भएको छ ।

**सझावहरु :**

१. गाउँपालीकाले योजनाहरुको प्राविधिक स्टीमेट गर्दा जिल्ला दररेटलाई कायम नगरी स्वयम पालीकाले नै स्थानीय बजारसँग मेल खानेगरी दररेट बनाउनुपर्ने साथै स्टीमेट गर्दा गाउँपालीकाको केन्द्र देखिको दुरीलाई समेत कायम गरी स्टीमेट गर्नुपर्ने ।

२. प्राविधिक कर्मचारीहरुलाई प्रत्येक वडामा नियमित खटाई उपभोक्ता समितीले गरेका कामहरुको विचविचमा अनुगमन गरी जम्मा गर्नुपर्ने कामको हेरफेर गरी उपभोक्ता समितीलाई सुझाव दिनुपर्ने ।

३.निर्माण व्यवसायिहरुलाई सम्झौता मिती अगावै काम सम्पन्न गर्न गराउन जनप्रतिनिधि तथा कर्मचारीले ध्यान दिनुपर्ने ।

४. लेखा समिती लगायतको समितीलाई आगामि वर्ष तालिमको व्यवस्था गर्नुपर्ने ।

५ गाउँपालीकाले आगामि वर्षको वजेट निर्माण गर्दा र कार्यान्वयन गर्दा वेरुजू शुन्य बनाउने नीति लिएर अगाडि बढनुपर्ने ।

अन्त्यमा,

लेखा समितीको संयोजकको हैसियतले यस गरिमामय सभामा आफ्नो प्रतिवेदन सहित केहि सुझावहरु प्रस्तुत गर्ने अवसर प्रदान गरेकोमा गाउँपालीकालाई विशेष धन्यवाद दिन चाहन्छु । आगामि दिनमा जनताका समस्या तथा गुनासाहरु सम्वोधन गर्न सबै सदस्यज्यूहरुमा उत्साह वढोस ।

धन्यवाद ।